**यस छैठौं गाउँ सभाका प्रमुख अतिथी ज्यू,विशेष अतिथि ज्यूहरु, अतिथि ज्यूहरु लगायत सम्पूर्ण गाउसभा सदस्यज्यूहरु ।**

हामी लामो समयको राजनैतिक संक्रमणकालीन अबस्थाबाट गुज्रदै गर्दा संविधानसभाले नेपालको संविधान, २०७२ निर्माण गर्यो संविधान बमोजिम तिन तहको सरकारको व्यबस्था भए अनुरुप स्थानीय तहमा निर्वाचित भैसार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्यशक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकारको आभास गराउने अभ्यासको अवसरको रुपमा आजहामी चौथो वर्षको कार्यकाल व्यतित गरिरहेका छौं यसै सन्दर्भमा आजयस रावा बेसी गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रमलाई यस सम्मानित एवं गरिमामय सभामा पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वीत महशुस गरेको छु । यसै अबसरमा नेपालमा प्रजातन्त्रको स्थापना, पुनस्थापना तथा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनाको लागि विभिन्न कालखण्डमा जनताको अधिकार प्राप्तिको लागि भएका राजनैतिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गरी साहदत्त प्राप्त गर्दै मुलुकलाई र हामी सबैलाई आजको यो ऐतिहासिक क्षण दिलाउनु हुने सम्पूणर्ण ज्ञात अज्ञात वीर अमर शहिदहरुप्रति म हार्दिक श्रृद्धा सुमन अर्पण गर्दछु ।साथै विभिन्न राजनैतिक आन्दोलनहरुमा नेतृत्व प्रदान गर्द मुलुकलाई जनचाहाना अनुरुप डोहोर्याउनु हुने नेपाली राजनीतिका अग्रज तथा आदर्श धरोहरहरु एवं शिखर व्यत्तित्वहरुलाई सम्मानपूर्वक स्मरण गर्न चाहान्छु ।

आज हामी कोभिड १९ महामारीको पहिलो र दास्रो लहरको संकटको कारण मानव जीवनलाई तहस नहस बनाइरहेको अत्यान्तै विषम परिस्थिमा गुज्रिरहेका छौं ।धेरै व्यक्त्तिहरुले ज्यान गुमाएका छन् ।यो महामारीमा ज्यान गुमाउने देश तथा विदेशका सवै नेपालीहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त्त गर्दछु ।शोककुल परिवारमा समवेदना व्यक्त्त गर्दछु साथै संक्रमित विरामीहरुमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।साथै अब पछि फैलिन सक्ने संभावित तेस्रो र चौथो लहरकामा सँधै सचेत रहन आब्हान पनि गर्दछु ।

स्थानीय सरकार सँग नगरिकका चाहना र अपेक्षा धेरै छन् । संघियता कार्यान्वयन पछि स्थानीय सरकारहरुले बिकेन्द्रिकरणको असल अभ्यास गरिरहेका छन्। शासनमा सहभागिता, स्वयत्तता र लोकतन्तको स्थानीयकरणका लागी बिकेन्द्रिकरण राज्य प्रणालीको

अभिन्न अंग बनेको छ। त्यसो हुँदा संघियताले बोकेका सपना पुरा गराउने सफल साधन पनि स्थानीय सरकारहरु नै हुन् भन्ने प्रस्ट हुदै गएको छ। आम नागरिकहरुको सबै भन्दा नजिकको सरकार भनेकै स्थानीय सरकार हो। यसको क्षमता, ब्यबहार, सफलता र प्रभावकारितावाट जनताले शासन प्रणाली प्रति आफ्ना धारणाहरु बनाउँछन् र स्थानीय सरकारको सफलता मापन गर्दछन्।त्यसैले समुदायका आबस्यकता पुरा गर्ने समस्या समाधान गर्ने आर्थिक सामाजिक र भौतिक पुर्बाधारहरुको बिकासका माध्यमवाट आधारभुत सेवा प्रबाह गरी जनजीवन सुखमय बनाउनु हाम्रो प्रमुख उदेश्य हो। यस अर्थमा स्थानीय स्तरमा बिकास र लोकतन्त्रको सफल अनुभुती दिलाउन प्रयत्न गरिरहेका छौ । रावा बेसी गाउँपालिकाले संघ र प्रदेश सरकारबाट प्राप्त बजेटलाई कार्यान्वयन गर्दै सबै खाले विकास निर्माणलाई तिब्रताकासाथ अगाडी बढाइरहेको अबस्था छ । भौतिक पूर्वाधारको क्षेत्रमा, कृषिको क्षेत्रमा, स्वास्थ्यको क्षेत्रमा, शिक्षाको क्षेत्रमा उल्लेखनिय काम गरिरहेको छ र तुलनात्मक रुपमा निकै अगाडी बढीरहेको कुरा यहाँहरु जानकार नै हुनुहन्छ ।

इतिहासका विभिन्न कालखण्ड देखि नै सवै खालका निरंकुशताका विरुद्ध लड्दै मूलुकलाई एक संघीय लोतान्त्रिक गणतन्त्रात्मक नेपालको रुपमा स्थापित गर्न सफल भएको रआज हामी आर्थिक समृद्धि, समाज परिवर्तन, अनि सुखी नेपाली र नयाँ सम्वृद्ध नेपाल निर्माणको महान अभियानमा जुटीरहेको सन्दर्भमा रावा बेसी गाउँबासी यो ऐतिहासिक क्षणमा पुनःयहाँ भेला भएका छौं । तसर्थ यस क्षेत्रको सम्वृद्धिका निम्ति, विकासका निम्ति, परिवर्तनका निम्ति आफ्ना अमूल्य समय दिनुभएकोमा र हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नुभएकोमा म गाउँपालिका प्रमुखको तर्फवाट हार्दिक स्वागत गर्न चाहान्छु । विकास निर्माण सबैको सहयोग, सहकार्य र सहजीकरणबाट मात्र संभव हुने भएकोले यस गाउँपालिकाको विकास निर्माणको प्रक्रियालाई प्रभावकारी रुपमा सञ्चालन गर्नहामी निर्वाचित भैसके पछी अमुल्य सहयोग हुँदै आएको छ ।यसरी प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोगको भूमिकामा रहनु हने यहाँ क्रियाशील सम्पूर्ण राजनैतिक दलहरु, नागरिक समाजका अगुवा तथा आम जनसमुदाय, पेशागत सामुदायीक संघ, संस्थाहरु र सञ्चारकर्मीहरु सबैमा हार्दिक धन्यवाद दिन चाहान्छु र निरन्तर सहयोगको अपेक्षा राख्दै यहाँहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

विश्वलाई नोबेल कोरोना भाइरसले पटक पटक गाँजीरहेको छ । दोस्रो लहरले नेपालमा धेरै होनाहार व्यक्तिको अकालमा ज्यान लियो ।अर्थतन्त्रलाई समेत तहसनहस बनाएको छ ।यसले गरिवीको रेखामुनी रहेका र गरिखाने वर्गको जनजीवनमा निकै ठूलो आघात पुर्याएको छ ।धेरै व्यक्तिहरुले रोजीरोटो गुमाएका छन् ।विकास निर्माण अबरुद्ध भइ अपेक्षित प्रतिफल प्राप्त गर्न सकिएन । यो भयावह अबस्थाबाट पहिलेकै अबस्थामा फर्किन र सिमित स्रोत साधन र बजेटबाट जनताहरुका असिमित इच्छा, चाहाना र आबश्यकताको परिपुर्ति गर्न निकै नै कठिन र चुनौतिपूर्ण छ भन्ने कुरामा हामी सबै बिदितै छौ । जुन लक्ष्य, योजना र गतिकासाथ जनतालाई छिटो छरितो सेवा प्रवाह गर्ने र द्रुत गतिमा विकास अघि बढाउँने कार्य हाम्रो गाउँपालिकाले गरिरहेको थियो त्यसमा निकै ठूलो व्यवधान आएको छ । स्थानीय तह जनताका लागि सबै भन्दा नजिकको आस्था र भरोसाको केन्द्र भएकोले आजको यो असमान्य परिस्थितीलाई मध्यनजर गर्दै स्वास्थ्य, शिक्षा, आर्थिक सम्वृद्धि, रोजगारी र गरिवी निवारणलाई नै मुख्य आधार बनाई नीति तथा कार्यक्रम तयार गने प्रयास गरिएको छ ।

रावा बेसी गाउँपालिका भित्रको विद्यमान राजनैतिक, आर्थिक, सामाजिक र प्रशासनिक परिबेशको चर्चा गर्दा रावा बेसी गाउँपालिका ६ वटा वडाहरुबाट बनेको हो यो गाउँपालिकामा घरधुरी र जनसंख्या रहेको र यो गाउँपालिका ९४ वर्ग मिटरमा फैलिएको छ यस गाउँपालिका भित्र विभिन्न राजनैतिक दलहरु अस्तित्वमा रहेको भए पनि विकास निर्माणको सन्दर्भमा हिजोका दिन देखि आज सम्म कुनै किसिमको द्वन्द भएको छैन एकमत र एकेबद्दताका छ भन्ने कुरामा यहाँहरु जानकार नै हुनुहुन्छ । हाम्रो यो राजनैतिक परिबेश सँधै सँधै अक्षुन्न रहने छ भन्ने आशा राखेको छु । त्यसैगरी आर्थिक अबस्थामा उल्लेख्य सुधार हुन सकेको छैन ।शिक्षाको अबस्था सन्तोषजनक अबस्था रहेको छ सबै नागरीक साक्षरता प्रतिशत उच्च नै रहेको देखिन्छ ।गाउँपालिकाका ६ वटा स्वास्थ्य चौकी र गाउँपालिकाको केन्द्रमा ल्याव सहित सञ्चालनमा रहेको ५ शैयाको अस्पतालले नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आएको अबस्था छ । त्यसै गरी गाउँपालिकाको अधिकांश स्थानमा खानेपानीको आधारभूत सुविधा पुगेको अबस्था छ । सुख्खा क्षेत्रमा लिफ्टिङ जस्तो आधुनिक प्रविधिको उपयोग गरी खानेपानीको सुविधा दिने काम भएको छ

अबसर

रावा बेसी गाउँपालिका धेरै अबसर र सम्भावन बोकेको ठाउँ हो ।यस क्षेत्रमा बन्न लागेको ६३५ मेघावाटको नेपालकै राष्ट्रिय गौरवको दुधकोशी हाइड्रो निर्माणका लागि सरकारबाट बजेटको विनियोजन भैसकेकोले निर्माण हुने निश्चित छ । उक्त हाइड्रोले सबै भन्दा बढी रावाक्षेत्र प्रभावित हुँदाहुदै पनि यस गाउँपालिकाको भविष्य उज्वल छ भन्ने कुरा प्रष्ट हुन्छ । यी विशिष्ट संभाव्यताहरुको कारणले रावा बेसी गाउँपालिका व्यापारिक, व्यवसायिक, पर्यटकीय दृष्टिकोणले वसोवास योग्य स्थानको रुपमा विकसित हुने प्रचुर संभावना र अबसर रहेको छ ।

यस गाउँपालिकाको वडा नं. ४ कोटगडीमा भ्यूटावर निर्माण गरी पर्यटनको विकास गर्ने सकिने र सोही वडाको ओमकारेश्वर मन्दिरको स्थापना पश्चात भक्तजनको भिडभाड बड्न सक्ने यसबाट समेत पर्यटनको विकास गर्न सक्ने देखिन्छ ।त्यसैगरी गाउँपालिकाको वडा नं.१मा लिचि, वडा नं. २ मा आप केरा, वडा नं. ३ मा सुन्तला,वडा नं. ४ मा कफि, केरा, वडा नं. ५ मा ओखर, कफि, केरा र वडा नं. ६ मा आप किवी खेतिको प्रचुर सम्भावना देखिन्छ र सो बाट आर्थिक अबस्था मजबुद हुने अवसर छ । त्यसैगरी वडा नं. ३ र ४ मा बाख्रापालनको पकेट क्षेत्र बनाउन सकिने अबस्था छ । गाउँपालिकाको अधिकांश कृषियोग्य भूमि उर्वर भएकोले तरकारी खेति र अन्य अन्न बालि विषेश गरी प्रचुर मात्रामा धान उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

चुनौती

निर्धारीत समयमै योजना सम्पन्न गर्न,नागरिकहरुका असिमित इच्छा र चाहानाहरुलाई सिमित स्रोत साधनले सम्वोधन गर्न,छरिएर रहेको बस्तिका कारण विकास खर्चबाट अपक्षित प्रतिफल प्राप्त गर्न,कृषिक्षेत्रमा व्यवसायीकरण र आधुनिकिकरण गर्नु, हाल जताततै देखिएको कृषि वालीमा भएको अमरिकन फौजीकिरार फड्के किराको प्रकोप नियन्त्रण गर्न, आर्थिक र सामाजिक रुपले पिछडिएका वर्ग समुदायलाई विकासको मूल प्रवाहमा समाहित गर्न, सार्वजनिक विद्यालयालयहरुमा शैक्षिक गुणस्तर वृद्दि गरी राष्ट्रिय अन्तराष्ट्रि स्तरको प्रतिष्पर्धि उच्च र प्राविधिक स्तरको शिक्षा प्रदान गर्न, गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउन प्रमुख चुनौती रहेका छन् ।

सभा अध्यक्ष तथा सदस्य ज्यूहरु,

आगामी वर्ष २०७८।७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न आधारहरु तयः गरिएको छ ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन एन, २०७४
- प्राकृतिक स्रोत तथा वित्तिय आयोग एन,२०७४
- संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानून, कार्यविधि तथा मापदण्ड
- गाउँपालिकाको आवधिक योजना
- गाउँपालिकाको स्रोत साधन
- विकासका अन्तर सम्बन्धित विषयहरु
- दिगो विकासका लक्ष्यहरु
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा गरिएका प्रतिबद्दताहरु

अब म रावा बेसी गाउँपालिकाले आ.व.२०७८/७९ मा गरेका प्रमुख उपलब्धिहरुको समिक्षा गर्न चाहान्छु,

आ.ब. २०७७/७८ मा आर्थिक क्षेत्रमा सामाजिक क्षेत्रमा पुर्वाधारका क्षेत्रमा र सुशासन र संगठनात्म क्षेत्रमा थुप्रै महत्वपूर्ण कार्यक्रमहरुमा बजेट व्यवस्थ गरिएको भएता पनि विश्वव्यापी महामारी कोभिड १९ को दास्रो लहरको कारण सम्पन्न गर्न सकिएन । यस वर्ष गर्न नसकिएका कार्यक्रमहरुलाई आ.व. ०७८/७९ मा निरन्तरता दिइने छ । यति लामो समयको महामारीको कारण काम गर्न नसकिएको अवस्था पनि निकै उपलब्धि हासिल गरिएको छः

- कृषि क्षेत्रलाई व्यवसायीकरण आधुनिकिकरणको लागि छिटो छरितो तरिकाले खेती गर्न सकियोस भन्ने उद्देश्यले विभिन्न कृषक समूहहरुलाई १४ थान हाते टयाक्टर वितरण गरियो ।
- प्रयास परियोजनाको आर्थिक सहयोगमा गरिव घर परिवारलाई राहत वितरण, कृषकहरुलाई गहुँको विउ वितरण र कृषि तथा पशु ल्यावको स्थापना गरिएको छ ।साथै मल्टिक्रप थ्रेसरहरु, चल्ला उत्पादन गर्ने हेचरी, घाँस काट्ने मेशिन वितरण गरिएको छ ।

- गाउँपालिकाका सबै क्षेत्रमा समानुपिक हिसावले ११ थान मिल वितरण यसै आ.व. मा वितरणको तयारी गरिएको छ ।
- कृषिमा धान मकै र गहुँका पकेट क्षेत्रहरु सञ्चलनमा आएका छन् ।
- बाख्रामा नष्ल सुधारको लागि बोयर बोका वितरण गरिएको छ । विदेश गएर फर्किएका युवाहरुले स्वदेशमा नै बसि कृषि र पशुपालन क्षेत्रमा केही काम गरुन भन्ने उद्देश्यले १० जना युवाहरुलाई ५० प्रतिशत अनुदानमा ५० हजारका दरले अनुदान दिने काम भएको छ ।

- फुसको छाना भएका गरिव घर परिवार पहिचान गरी संघिय सरकारको सहयोगमा गाउँपालिकाका २०६ घरलाई जस्तापाताको लागि ५० हजार रकम वितरणको काम थालिएको छ।गाउँपालिकाको आफ्नै स्रोतबाट गाउँपलिकाका पिढीत र गरिव २४ घर परिवारलाई जस्तापाता वितरणको तयारी र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट यस पालिकाका१७३ जना विपन्न बेरोजगार व्यक्तिहरुलाई १०० दिन बराबरको रोजगारी प्रदान गरिएको छ ।
- छाला जुत्ता सिलाइको पुनरताजगी तालिम प्रदान गरिएको छ ।
- गाउँमा बेरोजगार भै भौतारी रहेका रुलाई शिप सिकेर रोजगारी प्राप्त हो भन्ने हेतुले १४ जना कुभिण्डेको हरमटारमा होटल कुक तालिम प्रदान गरिएको छ ।
- गरिवी निवारण तथा उद्यम विकास कार्यक्रम अन्तर्गत ४७ जना नयाँ उद्यमी सृजना, गरी सिलाई कटाई, दालमोड भुजिया बनाउने तालिम, बाख्रापालन र गोठसुधार तालिम प्रदान गरिएको र तालिम प्रदान गर्ने क्रम जारी छ ।
- गाउँपालिकाका वेरोजगार ३४ जना व्यक्तिहरुलाई छोटो अवधिको हलुका सवारी चालक तालिम प्रदान गरिएको छ ।र्
- गोवरमुक्त विद्यालयको लागि सामुदायीक विद्यालयको भुइ ढलानको काम शुरुवात गरिएको छ ।
- गाउँपालिकाका प्रत्येक सामुदायिक विद्यालयलाई २/२ सेट हात धुने बेसीन यसै आ.व.मा वितरणको क्रममा रहेको छ । यस बाट विद्यार्थीहरुमा हात धुने वानीको विकास भै व्यक्तिगत सरसफाइमा सुधार आउने अपेक्षा गरिएको छ ।

- शैक्षिक वातावरण सधार गर्ने उद्देश्यले विभिन्न सामुदायिक विद्यालयमा गै शिक्षक शिक्षिकाहरुसँग अन्तरक्रिया गरिएको छ ।
- शैक्षिक गुणस्तर वृद्धि र विद्यार्थी टिकाउ अभियान अन्तर्गत बालविकास र सामुदायिक विद्यालयकाकक्षा ५ सम्मका सबै वालबालिका हरुलाई दिवा खाजा वितरण र खासगरि एस.इं.इं परिक्षामा संलग्न हुने विद्यार्थीहरुलाई राम्रो नतिजाको लागि गणित, विज्ञान र अंग्रजी विषयमा कोचिङ कक्षा सञ्चालन गरिएको छ ।
- संघिय सरकारको शशर्त अनुदान सहयोगमा आधारभूत विद्यालय र माध्यामिक विद्यालयमा अध्ययनरत किशोरीहरुको लागि स्यानीटरी प्याड उपलब्ध गराईएको छ,
- यस गउँपालिकाको वडा नं. ५ स्थित भदौरे र चिण्डेस्वाराका लागि रावा खोलाबाट लिफ्टिङ खानेपानी योजना सञ्चालन गरिएको छ ।
- पालिका स्तरिय खेल मैदानको  निर्माण कार्यलाई तिब्रता दिइएको छ ।
- यस गाउँपालिका विजुले लेकखर्क दुवेकोल ऐसेलुखर्क सडकको रावा खोला दुवेकोल खण्डको विभिन्न स्थानमा पक्की नाली निर्माण र ग्राभेलको काम गरीएको, कुभिण्डे जौबारी नुनथला सडकलाई चौडा गर्ने काम गरिएको छ । यसबाट सडक क्षेत्रमा सुधार आइ आवातजावतलाई निकै नै सहज भएको छ ।
- कोल्ड स्टोर र सभा हलको निर्माण कार्यको ५० प्रतिशत काम सकिएको छ ।आवास गृहको तला थप्ने काम गरी आवास गृहलाई पूर्णता दिइएको छ ।
- रावा वेसी गाउँपालिकाको सबै वडाको टोल बस्तिमा केन्द्रीय प्रसारण लाइनबाट विद्युत सेवा विस्तार भै सकेको छ । सौर्य उर्जा अन्तर्गत सडक बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिदै यस वर्ष ६ थान बत्ति जडानको कार्य भैरहेको छ ।
- गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधारसबै क्षेत्र समेटेर ५ वर्षे आवधिक योजना निर्माण गरीएकोछ ।

यस सम्मानित सभामा उपस्थित सम्पूर्ण सदस्य ज्यूहरु,

अव म रावा बेसी गाउँपालिकाको आ.व.२०७८।७९ का प्रमुख नीति तथा  प्राथमिकाताका क्षेत्रहरु प्रस्ततु गर्ने अनुमति चाहान्छु ,

- विश्वव्यापी महामारी कोरोना भाइरसको पहिलो र दोस्रो लहरबाट सिर्जना भएको संकट र असमान्य परिस्थितीको व्यवस्थापनको लागि र पछि आउने सम्भावित अर्को

लहरबाट सचेत रहनको लागि समेत कोरोना कोष व्यवस्थापन खातामा आश्बश्यक बजेटको विनियोजन गरिने छ। सो कोषबाट कोरोना भाइरस न्युनिकरण र नियन्त्रण, कोरोना भाइरसको संक्रमणबाट सिर्जित अबस्था त्यसको प्रभाव र असरको पहिचान गरि जनजीवनलाई नियमित गर्ने, क्वारेनटाइन आइसोलेशन व्यवस्थापन, कन्ट्र्याक्ट ट्रेसिङ टोली व्यबस्थापन, आबश्यक स्वास्थ्य सामाग्री र औषधिको व्यबस्थापन आइसोलेशनमा बस्नेको लागि खाद्यन्न तथा अन्य आबश्यक बस्तु व्यस्थापन लगायका कार्यहरु गरिने छ ।

- कोरोना भाइरस लामो समय सम्म रहिरहने र यसले पटक पटक आम नागरीकहरुलाई सताउने देखिएको सन्दर्भमा यस गाउँपालिकालाई महामारीबाट जोगाउन स्वास्थ्य मापदण्डका सावधानी अपनाउन निरन्तर चेतनामूलक कार्यक्रमहरु गरिने छ यस गाउपालिकाका सबै नागरिकहरुलाई खोप लगाउन पहल गरिने छ ।
- आगामी आ.व.२०७८/७९ को बजेट तयार गर्दा मध्यमकालिन खर्च संरचना (MTEF) लाई अनिवार्यरुपमा अबलम्बन गरिने छ ।
- गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्न सहयोग पुग्ने योजनालाई प्राथमिकता दिने नीति लिइएको छ।
- आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजस्व बाँडफाँट रकममा आउनसक्ने कमीलाई ध्यान दिंदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गरिने छ ।
- स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा सन्तुलित वितरणलाई मध्यनजर राखी आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिइएको छ ।
- यस पालिका भित्र रहेका एकीकृत तथ्याङ्क संकलन गरी सो को पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणा कार्यान्वयन गर्न सहजीकरण गर्ने । यस्तो कार्यलाई प्रोत्साहन गर्न कर लगायतका व्यवस्था गर्ने नीति लिइने छ ।

❖ कृषिको व्यवसायीकरण, आधुनिकीकरण र उत्पादनमा आधारित अनुदान तथा विविधिकरणमा जोड दिई आयआर्जन तथा रोजगारका थप अवसरहरू सृजना गरिनेछ । कृषि क्षेत्रलाई आधुनिकिकरण गर्न धान, गहु कुट्ने थ्रेसर तथा अन्य कृषि औजार उपकरणमा ५० देखि ८५ प्रतिशत सम्म अनुदानमा दिने कार्यलाई निरन्तरता दिइने छ।तरकारी खेतिका लागि टनेल र कृषकको दैनिक जीवन सहजताको लागि कृषक समुहहरुलाई कुटानी पिसानी मिल वितरण गरिनेछ । सिँचाई सुविधा, कृषि सडक, ग्रामीण विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ

❖ हाल संचालित पालिकास्तरीय हाटबजारलाईव्यवस्थित गरी र कृषि बजारको रुपमा स्थापित गर्ने प्रयास गरिनेछ । कृषकहरुको उत्पादित वस्तुहरुको लागत र बिक्री मूल्य अनुपातको सन्तुलत कायमगरी कृषि उपज खरिद तथा संकलन केन्द्र स्थापनामा जोड दिइने छ साथै हाल निर्माणाधिनपालिकास्तरीय कोल्ड स्टोरलाई आगामी आ. ब. मा  निर्माण कार्य सम्पन्न गर्न विशेष पहल गरिनेछ ।

❖ स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको वजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट व्यवस्था गर्ने नीति लिइने छ ।

❖ प्रधान मन्त्री रोजगार कार्यक्रमबाट पूर्ण रुपमा बेरोजगार परिवारका कम्तिमा एक जना व्यक्तिलाई १०० (सय) बराबरको रोजगार उपलब्ध गराउने हालको व्यवस्थालाई निरन्तरता दिदै बढी भन्दा बढी व्यक्तिलाई रोजगार उपलव्ध गराइने छ ।

❖ गरिबी निवारणमा टेवा पुऱ्याउने योजनाहरुलाई कार्यक्रममा समावेश गरिनेछ ।

❖ विपन्न नागरिक आवास कार्यक्रम अन्तर्गत संघिय सरकारको सहयोगमा गाउँपलिका भित्रका सबै फुसका छानाहरुलाई विस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ । यसका लागि गरिव घर परिवार पहिचान गरी क्रमश गरिदै लगिने छ ।सोही कार्यक्रम अन्तर्गत गाउँपालिकाबाट जस्तापाता वितरण गरिने छ ।

❖  विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका ब्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय

तहभित्र उपलब्ध हुने निर्माण, सेवा व्यवसाय, उद्योग, कृषि, लगायतका क्षेत्रकारोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गर्ने साथै पालिका स्तरिय स्वःरोजगार कोष स्थापना गर्ने व्यवस्था मिलाइने नीति लिइने छ ।

- ❖ हाल पछिल्ला वर्षहरुमा वालबालिका र युवाहरुमा धुम्रपान, मदिरापान र लागूऔषधको कुलतमा फस्नेको संख्या बढ्दै गएको छ यसलाई नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरी यूवा वर्गलाई नै नियन्त्रणको लागि परिचालन गरिन छ । साथै यस्तो कार्यलाई दण्डणीय बनाइने छ ।
- ❖ समाजमा अझै पनि घरेलु हिंसाका घट्नाहरु मौलाइ रहेको, वालविवाह समेत प्रसस्त हुँने गरेको पाइएकोले यस्ता घट्नाहरु नियन्त्रण र न्यूनिरणका लागि आबश्यक योजना निर्माण गरिने छ ।यस्ता कार्यलाई दण्डणिय मानी कानुनी कारवाही गरिने छ ।
- ❖ पालिकास्तरिय आवधिक शैक्षिक योजना निर्माण तथा व्यबस्थापन गरिने छ । कोभिड १९ ले शिक्षा क्षेत्रमा पारेको प्रभाव र असरलाई मध्यनजर गर्दै सामुदायीक विद्यालयहरुमा योजनाबद्ध रुपमा बिभिन्न शैक्षिक क्रियाकलापका प्याकेज कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ विद्यालयलाई सूचना तथा प्रविधि मैत्री बनाइ पठनपाठनलाई समेत प्रविधि मैत्री बनाउन जोड दिईनेछ । यसका लागि इन्टरनेट जडान नभएका सबै विद्यालयमा यसै आ.व.मा इन्टरनेट जडान गरिनेछ ।यसबाट गाउँपालिकासँग प्रत्यक्षरुपमा प्रविधिमा जोडिनकालागि समेत मद्दत पुग्ने छ ।साथै सामुदायिक माध्यमिक विद्यालयहरुलाई सूचना प्रविधिको प्रयोगवाट डिजिटल कक्षा संचालनको लागि प्रोत्साहन गरिनेछ ।
- ❖ शैक्षिक गुणस्तर वृद्धि गर्न एकसामुदायीक विद्यालयका शिक्षक शिक्षिकाहरुलाई प्रविधिमा दक्ष बनाउन आई.सि.टी. तथा कम्प्युटर तालिम, पठनपाठनमा दक्ष बनाउन विषयगत शिक्षक तालिम दिने कार्यलाई यस आ.व.मा पनि निरन्तरता दिने नीति लिईनेछ ।
- ❖ गाउँपलिका स्थित सबै सामुदायिक विद्यालयका वालविकास देखि देखि ५ कक्षाका विद्यार्थिहरुलाई दिवा खाजाको व्यवस्था गरेको र सो कार्यक्रमले वालवालिकामा सकरात्मक प्रभाव परेको देखिएकोले हालको व्यवस्थालाई निरन्तरता दिदै थप

प्रभावकारी बनाउन आवश्यक वजेट विनियोजन गरिने छ । यस बाट विद्यार्थि भर्ना दरलाई वृद्धि गर्ने र वालवालिकाको स्वास्थ्यमा समेत सुधार आउने विश्वास लिईएको छ ।

- ❖ भुइ ढलान नभएका सामुदायिक विद्यालयका कक्षा कोठा ढलान गरी आ.ब. ०७७/७८ मा मा कोरोना भाइरसको महामारीका कारण सम्पन्न हुन नसकेको गोबर मुक्त विद्यालय'बनाइने कार्यलाई यस आ.व.मा सम्पन्न गरिने छ ।रावा बेसी गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरुमा एउटै रङ्गले रङ्गरोगन गर्ने अबधारणा ल्याइने छ ।
- ❖ यस गाउँपालिकाको वडा नं. २ मा निर्माणाधिन १० शैयाको अस्पताल निमर्णाको कामलाई तोकिएको समय भित्र सम्पन्न गर्न आबश्यक पहल गरिने छ ।
- ❖ पालिका स्तरिय खेल मैदानको निर्माण कार्यलाई तिव्रता दिइने छ ।जसको लागि संघिय सरकार, प्रदेश सरकारसँग विषेश अनुदान तथा समपूरक अनुदानको लागि समेत माग गरीनेछ ।
- ❖ भौतिक पूर्वाधार अन्तर्ततका योजनागत कार्यक्रमहरु कार्ययोजना बनाई कडाईकासाथ लागू गरी लागू गरिनेछ । आषाढ महिनामा पूर्वाधार निर्माण तर्फका योजनाहरुको संचालन गर्न निरुत्साहित गरिनेछ।
- ❖ गाउँपालिकाको केन्द्र र वडा कार्यालय जोड्ने गाउँपालिकाका गौरवका सडक आयोजनाहरुलाई ८ मिटरको चौडा पार्ने काम यसै आ.व. मा सम्पन्न गर्न आबश्यक बजेटको व्यबस्था गरिने छ र पक्की नाली र कालोपत्रेको लागि संघिय सरकार र प्रदेश सरकारसँग अनुरोध गरिने छ ।
- ❖ गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाबाट सञ्चालन गरिने योजनाहरुमा उपलव्धि नदेखिने खालका र धेरै साना साना योजनाहरुलाई निरुत्साहित गरिने र रोजगारमूलक र गरिवी निवारणमा प्रत्यक्ष योगदान गर्ने खालका योजनाहरुमा विशेष जोड दिइने छ ।
- ❖ निर्माण कार्य शुरु भैसकेका तर सम्पन्न हुँन बाकी सडकहरुको लागि आबश्यक बजेट विनियोजन गरिने छ । तर नयाँ नयाँ ट्र्याक खोल्ने कार्यलाई कडाईकासाथ रोक लगाइनेछ ।

- संघिय सरकार र प्रदेश सरकारको समपुरक अनुदान र गाउँपालिको साझेदारीमा वडा कार्यालय भवनहरु क्रमशः निर्माण गर्दै लगिनेछ ।
- गाउँपालिका सभाहल निर्माणको कार्य यसै आ. व. मा सम्पन्न गर्नआबश्यक बजेट विनियोजन गरिने छ ।
- रावा बेसी गाउँपलिका वडा नं. ५ चिण्डेस्वाराको हमखोलामा र कुभिण्डे र हौंचुर जोड्ने लोचाखोलामा  झोलुङ्गे पुलको निर्माण कार्य आगामी आ.व. मा सम्पन्न गरिने छ भने रावा वेसी गाउँपालिका वडा नं. ५ चिण्डस्वारा र वडा नं. ६ हौंचुर जोड्ने रावा खोलामा झोलुङ्गे पुल बनाउनविशेष पहल गरिने छ ।
- यस गाउँपालिकाको खार्पा कुभिण्डे जोड्ने कल्लेरी खोलामा र कुभिण्डे हौंचुर जोड्ने लोचा खोलामा पक्कि पुलको लागि डि.पि.आर भै सकेकोले पुल निर्माणको लागि विशेष पहल गरिने छ ।
- गाउँपालिका क्षेत्रका सबै क्षेत्रमा विद्युत जडान कार्य भइसकेको, फलामे पोलमार्फतलगभग सबै काठे पोल विस्थापित गरी उज्यालो गाउँपालिका घोषणाको नजिक पुगिसकेको अबस्था छ ।फलामे पोल मार्फत विद्युत उपलब्ध नभएका घर पहिचान गरी सौंर्य उर्जा वितरण गरिने छ ।
- आ.व. ०७/७९ मा संघिय सरकार, प्रदेश सरकार र साना सिंचाई कार्यक्रमसँग समपूरक अनुदानमा सञ्चानल हुने आयोजनाहरुको लागि गाउँपालिकाको तर्फबाट समपूरक कोष साथै कार्यक्रमको दौरानमा थप हुन सक्ने साझेदारी कार्यक्रमको लागि समेत साझेदारी कोषको व्यवस्था गरिने छ ।
- विकास र सेवाका वरिपरी जनता होइन जनताका वरिपरी विकास र सेवा हुनु पर्छ भन्ने मान्यताको विकास हुँदै आएको सन्दर्भमा नागरिकहरुले प्राप्त गर्ने सेवा प्रवाहमा भएका कमी कमजोरीहरुमा सुधार गरी शासकीय व्यवस्त्थालाई सुदृढ बनाउदै लगिने छ ।
- करको दायरालाई फराकिलो बनाइने छ यस पालिका भित्र प्राकृतिक स्रोत, साधनलाई संरक्षण गर्दै यस गाउँपालिका क्षेत्रभित्र बग्ने खोला नदिहरुमा पाइने ढुङ्गा,गिटी र बालुवा जस्ता नदीजन्य पदार्थहरु ठेक्का लगाइने आबश्यक नीति बनाइने छ ।

❖ यस गाउँपालिका भित्रका वर्षभरिमा उत्कृष्ठ काम गर्ने कर्मचारी, शिक्षक शिक्षिका, स्वस्थ्य कर्मि, उद्यमि, कृषक, महिला स्वंमसेविका लगायतका विभिन्न क्षेत्रमा काम गर्ने व्यक्तिहरुमध्ये१/१ जनालाई उत्कृठ पुरस्कारको व्यवस्थाको गरिने छ ।

अब म यस सम्मानित सभामा क्षेत्रगत नीति कार्यक्रम तथा आधारहरु प्रस्तुत गर्न चाहान्छु ।

आर्थिक विकास नीतिः

क) कृषि तथा पशुपन्छि विकास

१. कृषि नीति तथा कृषि आबधिक योजना अनुसार कृषि तथा पशुपंक्षी क्षेत्रमा योजनाबद्ध विकास गरिने छ साथै रावा वेसी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन कृषि क्षेत्रमा लगानी वृद्धि गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई ब्यवसायिक र वैज्ञानिक कृषि प्रणालीतर्फ उन्मुख गर्ने नीति लिईनेछ । सामुहिक खेतीलाई विषेश प्रोत्साहन गरिने छ ।

२. कृषकहरुलाई कम्पोष्ट मलको लागि र गोठ सुधार आबश्यक अनुदानको व्यवस्था मिलाई सहयोग गरिने छ ।

३. गाउँपालिका क्षेत्रभित्र फलफूल र तरकारी खेतिको पकेट क्षेत्रलाई फलफूलका विरुवा, तरकारीका विउ र विषादिमा हाल दिईदै आएको अनुदानलाई निरन्तरता दिईनुका साथै कृषि उत्पादनलाई प्रोत्साहित गर्न एक गाँउ एक उत्पादनलाई समेत प्रोत्साहित गरी गाउँपालिकाको पहिचानका लागि बजारीकरण गर्ने नीति लिईनेछ ।

४. माटो परिक्षणको कार्यलाई व्यापक बनाई सोहि अनुसार माटोको सुधार गरिने छ ।

५. नगदेबालीको लागि पकेट क्षेत्रको पहिचान गरि यसको उत्पादनमा विशेष जोड दिइनेछ ।

६. कृषक पाठशाला लागू गर्नुका साथै स्थानीय तहमा कृषकहरूको आबकश्यकता र माग अनुसारका तालिम कार्यक्रमसञ्चालन गरी क्षमता विकासकामा विशेष जोड दिइनेछ ।

७. कृषिबाली वीमा,पशु वीमा कार्यक्रमलाई बडवा दिइ कुषकहरुलाई प्रोत्साहन गरिने छ ।साथै रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारिक खेतीमा जोड दिइनुका साथै उत्कृष्ट कृषि व्यवसायि, सहकारी र समुहलाई प्रोत्साहन गरिने छ ।

८. युवा स्वरोजगार ५० प्रतिशत अनुदानको कार्यक्रमलाईनिरन्तरता दिइनुका साथै समूहगत वा व्यक्तिगत रुपमाव्यवसायीक गाइभैसी पालनमा विशेष प्रोत्साहन गरी दुग्ध संकलन केन्द्रको स्थापनामा जोड दिइने छ ।

९.परम्परागत पशुपालन व्यवसायलाई सुधार गर्न पशु नस्ल सुधारमा जोड दिदै उन्नत नस्लको विकासका लागि उन्नत जातका बोकाहरु वितरण गरिने छ ।रावा बेसी गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाई निर्यात समेत बढाउन बाख्रा पालन पकेट क्षेत्रमा थप प्रोत्साहनका कार्यक्रमहरु ल्याइने छ। रागा,बंगुर, कुखुरा, माछा पालन गर्नेलाई निश्चित प्रतिशत सम्म अनुदानको व्यवस्था गरिने छ । मौरी पालनलाई समेत प्रोत्साहन गर्न मैरीका आधुनिक घार वितरण कार्यलाई निरन्तरता दिइने छ ।।

१०. पालिका स्तरीय हाट बजारलाई व्यवस्थापन गर्न मासु पसलका लागि बधशाला निर्माण गर्न आवश्यक कार्यक्रम ल्याइनेछ ।

११. जमिन बाझो राख्ने कार्यलाई निरुत्साहि गरिने छ, भूमिबाट अधिकतम दिगो लाभ हासिल गर्न भूउपयोग नीति, २०७२ र भू उपयोग ऐन, २०७६ लाई कार्यान्वयनमा ल्याइने छ ।। यसका लागि सहज रुपमा खनजोत गर्न सुविधा पुगोस भन्ने उद्देश्यले निश्चित अनुदनमा यस आ.व.मा उपलब्ध गराउदै आएको हाते टयक्टर वितरणको कामलाई निरन्तरता दिदैथप  हाते टयाक्टर वितरणको व्यवस्था मिलाईने छ

ख) उद्योग धन्दाः

१. स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ । साथै स्थानीय स्तरमा उत्पादन भएका लोकल तथा अर्गानिक सामानहरु प्रयोग गर्ने होटलहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराइने छ ।

२ गाउँपालिका भित्र स्थापना हुने, स्थानीय कच्चा पदार्थको प्रयोग हुने र स्थानीय १५ जना भन्दा बढि व्यक्तिहरुलाई रोजगारी दिने उद्योगलाई निश्चित मापदण्डका आधारमा सहुलियत ऋृण,अनुदान तथा राजश्व छुट गरि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

३ संघिय सरकारले अघि सारेको औद्योगिक ग्रामको स्थापनाको कार्यलाई नीजि क्षेत्रको सहकार्यमा अगाडी बढाइने छ ।

ग) सहकारी, गरिबी न्यूनीकरण तथा उधमशिलता विकासः

१. आर्थिक गतिविधि बढाई रोजगार र आयआर्जन बृद्धि गर्ने

२. सरकारको ३ खम्बे नीति अनुसार सार्वजनिक निजी र सहकारीमार्फत स्थानीय श्रोत र साधनको समुचित परिचालन गरी दिगो विकास गर्ने नीति लिइने छ । गाउँ क्षेत्र भित्र सञ्चालनमा रहेका सहकारी संस्थारुलाई क्रियाशिल बनाई रोजगारी उन्मुख बनाउने तर्फ आवश्यक पहल गरिने छ । सहकारीको गुणात्मक क्षमतामा वृद्धि गर्न प्रोत्साहन, सञ्चालनमा सहयोग र नियमन गर्ने नीति लिइने छ । सहकारीताको व्यवस्थापनमा एकरुपता कायम गर्नका लागि गाउँपालिका स्तरिय सहकारी सञ्जाल निर्माणमा पहल गरिनेछ ।

३. लघुउधम कार्यक्रमको माध्यमबाट गरिबी निवारणमा जोड दिइने छ ।गाउँपालिका क्षेत्रभित्र रहेका बेरोजगार व्यक्तिहरुको बेरोजगार लागत संकलन गरी विपन्न लक्षित समुह साथै बैदेशिक रोजगारबाट फर्केका युवाहरुको शिप, रुची र अनुभवको अभिलेख राखी सोलाई रोजगारीमा जोडीने छ । यसका लागि विभिन्न प्रकारका शिपमूलक तालिमहरु जस्तै सिकर्मी, डकर्मी, प्लम्बर, इलेक्ट्रिसियन, सिलाई कटाई, व्यूटिपालर, मोटरसाइकल मर्मतकेन्द्र आदि जस्ता कार्यक्रहरुको लागि आबश्यक बजेटको व्यवस्था गरिनुका साथै विउ पूँजी दिने प्रबन्ध मिलाइने छ

४. अति गरिवहरुको पहिचान गरि निजहरुलाई आयआर्जनका कार्यक्रमको अबसर दिलाइ निजहरुको जीवनस्तर कार्यक्रम ल्याइने छ।साथै कृषि सहकारी हरुको माध्यमबाट गरिवी निवारण गर्ने कार्यक्रम अगाडी बढाईनेछ ।

५.उद्यमशिलता रकृषिलाई आधुनिकिकरण गरी सो को माध्यमबाट रोजगारी सिर्जना गरिने छ । ।

६. गैह्र सरकारी संस्थाहरुलाई कार्यक्रम सञ्चालनको अनुमति दिदा विकास र चेतनाको दृष्ट्रिले पिछडिएको क्षेत्रहरुमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

घ)पर्यटन विकासः

१. यस गाउँपालिका भित्र निर्माण गर्न सकिने पर्यटकीय क्षेत्रहरुको विकासका लागि आवश्यक गुरुयोजना निर्माण गरी निजी क्षेत्रको सहभागिता का लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

२. पर्यटन क्षेत्रको विकास र प्रवर्धनलाई उच्च प्राथामिकतामा राखी प्राकृतिक, साँस्कृतिक, जैविक तथा कृषि परम्परागत शैली, मनोरन्जन, हावापानी अनुकुलन आदी उद्देश्यले प्रेरित गर्न पर्यटन पूर्वाधार सडक, होमस्टे, भोजन तथा जलपान गृह लगायत पर्यटनजन्य व्यवसायलाई प्रेरित गर्ने नीति अवलम्बन गरिने छ ।

सामाजिक विकास सम्बन्धि नीतिः

क) शिक्षा सम्बन्धि

१. सबै वालवलिकाहरलाई शिक्षाको पहुँचमा ल्याउनको लागि शत प्रतिशत विद्यार्थी भर्ना अभियानलाई निरन्तरता दिइने छ।कक्षा दोहोर्याउने दर घटाउन शिक्षामा सहजता र सुनिश्चितताका कार्यक्रम ल्याइने छ । साथै रावा बेसी गाउँपालिकालाई पूर्ण साक्षर बनाउने तर्फ विशेष पहल गरिनेछ ।

२. सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर बढाउनका लागि शिक्षक शिक्षिकाहरुको क्षमता अभिवृद्धिको लागि तालिमका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ

३.बालमैत्री स्थानीय शासनलाई प्रर्वद्धन गर्न बाल समूहहरुको परिचालनमा जोड दिनेइछ ।

५. विद्यालयमा भौतिक पूर्वाधार निर्माण गर्दा अपांग मैत्रि कक्षा, कोठा, धारा, शौचालय आदि समेत वालवालिका मैत्रि बनाउन जोड दिइने छ ।

५.वहुभाषिक शिक्षण पद्यती अवलम्वन गरी मातृभाषाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।आधारभूत तहमा स्थानीय पाठ्यक्रम समेत लागु गरी स्थानीय धर्म, कला, सँस्कृती र पहिचानको संरक्षण गर्न स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिने छ ।

६.निजी क्षेत्रको लगानीमा खुलेका विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति लिइने छ ।

७. अत्यन्त न्यून पारीश्रमिकमा काम गरिरहेका बालविकास का सहयोगी कार्यकर्ता र सामूदायिक विद्यालयमा कार्यरत विद्यालयका कर्मचारीहरुलाई प्रोत्साहन गर्न प्रदान गरिदै आएको प्रोत्साहन भक्ता लाई निरन्तरता र थप प्रोत्साहनको व्यवस्था गरिने छ ।

८. गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा संचालित वालविकास केन्द्रहरुलाई व्यवस्थित गर्नुका साथै वाल शिक्षिकाहरुलाई मन्टेश्वरी तालिमको व्यबस्था गरिनेछ र वालवालिकाहरुलाई खेल सामाग्री वितरण गर्न आबश्यक बजेटको व्यवस्था गरिने छ ।

९.समुदायीक विद्यालयका प्रधानाध्यापकहरुको थप प्र.अ. भत्ताको व्यवस्था तथाविद्यालयमा पठनपाठन, अतिरिक्त क्रियाकलाप, व्यवस्थापन र अनुशासनलाइ समेत आधार बनाइ उत्कृष्ठ विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ ।प्रचलित शिक्षा ऐन तथा नियमावली उल्लंघन गर्ने विद्यालय तथा शिक्षकहरुलाई कारवाहीको दायरामा राख्ने नीति लिइनेछ ।सामुदायिक विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्न पहल गरिनेछ ।

१०. विद्यालयहरुमा अध्ययनरत छात्राहरुका आन्तरिक समस्या पहिचान गरी परामर्श र समाधान गर्नका लागि आवश्यक कार्यविधि तयार गरी सञ्चालन गरिने छ ।

११. शिक्षा क्षेत्रको समग्र विकासका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।गाउँपालिका र सामुदायिक विद्यालयका प्राधानाध्यापकहरु वीच कार्यसम्पादन करार गरिने छ ।

ख) स्वास्थ्य तथा सरसफाई

१. आधारभूत स्वास्थ्य सुविधालाई सरल र पहुँचयोग्य बनाइने छ ।

२.सञ्चालनमा रहेका खोपकेन्द्रहरु लाई व्यवस्थित गरी सबै वडाहरुमा खोप केन्द्रहरुको स्थापनामा जोड दिइने छ ।

३.पूर्ण खोपको सुनिश्चिततालाई दिगो बनाइनेछ ।

४. हाल गाउपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका स्वास्थ्य चौकि, उपस्वास्थ्य चौकि र स्वास्थ्य केन्द्रको पूर्वाधार सुधार गर्दै उपकरण तथा प्रयोगशालाको व्यवस्थापनका साथै सबै स्वास्थ्य संस्थाहरुमा प्रसुति सेवालाई सहज र सुलभ बनाउने तर्फ आबश्यक व्यवस्था गरिनेछ ।

५. महिला स्वंयसेविकाहरुलाई प्रोत्साहन भत्ता र सुत्केरी भेटघाट तथा कुपोषित वालवलिकाका पोषण कार्यक्रम सञ्चालन गरिने छ ।

६. महामारी तथा संक्रमित रोग विरुद्ध रोकथामको पूर्वतयारी कार्यक्रमलाई जोड दिईनेछ।यसका लागि गर्न सरकारी तथा नीजि अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी स्वास्थ्य शिविरहरु संचालनलाई प्राथमिकता दिई विभिन्न संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिविर संचालन गरिने छ ।

७.स्वास्थ्य तथा सरसफाईसम्बन्धि सचेतना कार्यक्रमहरु विद्यालय तथा समुदायस्तरमा संचालन गरिनेछ ।

८. यस गाउँपालिकाको विपन्न घरपरिवारहरुलाई साझेदारीको आधारमा स्वास्थ्य वीमा कार्यक्रममा अनुदानको व्यवस्था गर्ने नीति लिईनेछ ।

९.मानसिक स्वास्थ्य र लागुपदार्थ दुर्वेसन न्यूनीकरणका लागि सचेतना तथा सहयोगका कार्यक्रम संचालन गरिनेछ ।

१०. अति विपन्न र विपन्न परिवारलाई परिचय पत्र वितरण गरी त्यसको आधारमा स्वास्थ्य संस्थामा विशेष छुट हुने व्यवस्था मिलाइने छ ।

ग) खानेपानी तथा सरसफाइः

१.जीवनका लागि स्वच्छ पानी साथैएक घर एक धारा भन्ने मूल नाराका साथ खानेपानी आयोजना सञ्चालन तथा विस्तार गरीखानेपानीको दिर्घकालिन समाधानका विशेष पहल गरिने छ ।खानेपानीको सहजताको लागि पाइप वितरण र गरिव घर परिवारलाई हिलटैंक वितरण गरिने छ ।

२. गाउँपलिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोत तथा सबै खानेपानीका मुहानहरुको खोजी र पहिचान गरी संरक्षण गर्ने नीति लिइने छ ।

३. सुख्खा क्षेत्रमा समेत खानेपानी पुर्‍याउनको लागि अन्य विकल्पको खोजी गरि बजेटको व्यवस्था गरिने छ ।

४. गाउँपालिकाका सबै गाउँवासीलाई खानेपानीको सुविधा पुर्याउन, हाल संचालनमा भएका खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण पाईप लाइनको मर्मत, सुधार र थप व्यवस्थापनमा सहयोग गरिनेछ भने नयाँ खानेपानी आयोजना निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग वजेट व्यवस्थापनका लागि पहल गरिनेछ।

५.गाउँबासीहरुलाईफोहोरमैला व्यवस्थापन सम्बन्धि सचेतनामूलक अभिवृद्धि गराउने तालिमको व्यवस्था गरिनेछ ।

६. फयाकिएका प्लाष्टिकजन्य सामाग्रीको पुनःप्रयोग गरी व्यवसायिकरण गर्न सीपमूलक तालिम प्रदान गर्ने नीति अबलम्बन गरीनेछ । यसबाट गाउँपालिकालाई प्लाष्टिक मुक्त गर्ने अभियानमा सहयोग पुग्नेछ ।गाउँपालिका सम्पूर्णमा गुणस्तरहिन प्लाष्टिकजन्य झोला र अन्य सामाग्रीको प्रयोग नगर्न सचेत गराइने छ । साथै फोहोर व्यस्थापनको लागि ल्याण्डफिल्ड साइटको खोजि गरिने छ । गाउँपालिकालाई पूर्ण सरसफाई युक्त क्षेत्र घोषणाको लागि तयारी गर्दै लगिने छ

७.यस गाउँपालिकालाई पुर्ण सरसफाई बनाउन आबश्यक कार्ययोजना निर्माण गरि अघि बढ्ने नीति लिईनेछ ।

घ)संस्कृति,साहित्य र कलाः

१. गाउँपालिका भित्र रहेका सम्पूर्ण पाटी,पौवा, धार्मिक, सांस्कृतिक तथा पर्यटकिय महत्वका स्थानहरु र साहित्य कला संस्कृतिको संरक्षण र सम्बद्धन विशेष जोड दिइने छ ।

२. लोपोन्मुख भाषा, धर्म, सस्कृतिको संरक्षणमा सहयोग गरिनेछ । साथै जातीय मठ, मन्दिर, गुम्बाको प्रवद्र्धन र पूर्वाधार निर्माणमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

३. गाउँपालिका भित्र बसोवास गर्ने विभिन्न जातजातीहरुको भाषा, कला, साहित्य, संगित र साँस्कृतिको संरक्षण र विकास गर्न भाषा, वर्ण र लिपीको अनुसन्धानात्मक कार्य सञ्चालन गरिने छ । यस गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सबै समुदायको क्रमिक विकास र समान सहभागिता लाई बढावा दिदै निरन्तर गरिनेछ ।

४. आदिवासी जनजातीहरुको हित र अधिकार प्रवर्धन गर्नका लागि सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने, जातजातीहरुको सांस्कृतिक संरक्षण र प्रर्वद्धन गर्नका लागि सांस्कृतिक संग्राहलय स्थापना गर्न पहल गरिने र पर्यटन विकाससँग आवद्ध गर्ने व्यवस्था मिलाईने छ ।

ङ) महिला विकास,लैंगिक समानता र समावेशिकरणः

१. वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई सबै वडालाई बालमैत्री वडा घोषणा गर्दै जाने गरी आवश्यक कार्यक्रम तर्जुमा गरिने छ । उनीहरुलाई सहभागितामूलक योजना पद्धती र विकासका विविध पक्षहरुमा सहभागी गराउन पहल गरिने छ ।

२. जेष्ठ नागरिकरहरु दिवा समयमा भलाकुसारी गरुन भन्ने उद्देश्यले सबै वडाहरुका विभिन्न स्थानमा जेष्ठ नागरिक प्रतिक्षालय निर्माण कार्यलाई निरन्तरता दिदै पार्कहरु समेत निर्माण गर्ने योजना बनाइने छ।९० वर्ष माथिका पुरुष जेष्ठनागरिकहरुलाई एक जोर दौरा सुरुवाल र महिला जेष्ठनागरिकहरुलाइ साडी चोलोले वर्षको अन्तमा विशेष सम्मान गर्ने कार्यक्रमकोरोना भाइरसको कारण कार्यान्वयन गर्न बाधा पुगेकोले यो कार्यक्रमलाई आगामी आ.व.मानिरन्तरता दिइने छ। जेष्ठ नागरिक,एकल महिला सम्मान गर्ने तथा ज्येष्ठ नागरिक केन्द्र स्थापना गर्ने नीति लिईनेछ ।

३. महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि तालिम, सिपमुलक प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, गोष्ठी लगायतका कार्यक्रम साथै संस्कृति झल्काउने र संरक्षण खालका कार्यक्रम संञ्चालन गरिनेछ । यस्ता कार्यक्रम गर्न महिलासंग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा संचालन गर्न जोडदिइनेछ ।

४. एकल/विधवा महिलाहरुको तथ्यांक संकलन गरी उनिहरुको क्षमता वृद्धि र आय आर्जनको लागि आबश्यक तालिमको व्यवस्था मिलाईने छ ।

५. गाउँपलिका क्षेत्रभित्रका महिलाहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक रुपले सशक्तिकरण गर्दै विकासमा समान सहभागिताको अबसर सृजना गरिने छ ।

६. महिला सुरक्षा कार्यक्रम र जेष्ठनागरिक स्वास्थ्य सुरक्षा कायक्रमलाई सञ्चालन गर्न बजेटको व्यवस्था गरिने छ ।

७. आदिवासी, जनजातीको हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि विभिन्न सिपमूलक, चेतनामूलक र भाषा संस्कृति संरक्षण हुने खालका कार्यक्रम संचालनमा ल्याईनेछ ।

८. वडा सभा मार्फत आएका लक्षित समूह (महिला, वालवालिका, आदिवासी, जनजाति, जेष्ठ नागरिक, दलित) का कार्यक्रमहरु वडा स्तरीय साथै गाउँपालिकास्तरीय कार्यक्रमहरु प्राथमिकताका आधारमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

९. अपाङ्गता भएका नागरिकको संरक्षण र विकासको लागिअपाङ्ग लक्षित सिपमूलक कार्यक्रम अपाङ्गता रोकथाप तथा पुर्नस्थापना कार्यक्रम सञ्चालन गरिने छ ।साथै अपाङ्ग कार्डलाई अद्याबधिक र वितरण गरिने छ ।

१०. लैंगिक एवं जातिय छुवाछुत विरुद्ध सचेतना मुलक कार्यक्रमहरुसञ्चालन गरिने छ । जातिय छुवाछुतलाई दण्डनिय बानाईने छ ।

११. दलित र पिछडाबर्ग र समुदाय उत्थानको लागि विशेष लक्षित सिपमूलक र चेतनामूलक कार्यक्रमको व्यवस्था गरिने छ ।

१२. सिमान्तकृत र अतिसिमान्तकृत र लोपोन्मुख जातीहरुको समुदाय संरक्षणको लागि गाउँपालिकाले आबश्यक नीति बनाउँने छ ।उनीहरुको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक परामर्श सेवा सहित विभिन्न सिपविकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३. विपन्न वर्गको पहिचान गरी उनिहरुको जीवनस्तर उकास्न विशेष पहल गरिने छ ।

च) युवा, खेलकुद तथा मनोरञ्जनः

१.युवा जनशक्तिलाई विभिन्न प्रकारका सामाजिक क्रियाकलापका लगाइने र उनीहरुमा भएको क्षमता र सिपको अधिकतम उपयोगको लागि आबश्यक योजना निर्माण गरिने छ ।

२.यूवाहरुलाई सीप तथा तालिमको माध्यमबाट स्थानीयस्तरमा रोजगारी प्रवद्र्धन हुने गरी आवश्यक सहयोगका कार्यक्रमहरु संचालन गरिने छ ।

३. खेलकुद क्षेत्रको विकासका लागि गाउँस्तरीय खेलकुद विकास समितिलाई क्रियाशिल बनाई खेलकुदको क्षेत्रलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ ।

४. वार्षिक रुपमा कम्तिमा एक वटा गाउपालिकास्तरीय खेलकुद कार्यक्रमको सञ्चालन गरिनेछ ।

५. प्रत्येक वडाहरुमा निर्माण भएका खेलकुद मैदानको व्यवस्थापन गर्दै लगिने छ ।

६.युवा वर्गलाई लक्षित गरी अध्यक्षकपभलिबल प्रतियोगिता साथै अन्य विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गरी युवा वर्गलाई खेलकुद विकास गर्न प्रोत्साहन गरिनेछ ।

७. गाउँपलिकाको पायक पर्ने स्थानमा व्यायमशालाको निर्माण गर्न पहल गरिने छ ।

७. राष्ट्रका लागि खेल, स्वास्थ्यका लागि खेल भन्ने राष्ट्रिय नीतिलाई स्थापित गर्न युवा लक्षित खेलकुद कार्यक्रम संचालन गरी खेलका बिभिन्न विधामा यस गाउँपालिकालाई राष्ट्रिय स्तरका खेलाडी उत्पादनको हवको रुपमा विकास गर्दै लैजाने नीति अबलम्बन गरीनेछ।

पूर्वाधार विकास नीतिः

क)सडक तथा पुलः

१.मध्यपहाडी लोकमार्गसँग जोडीएका रावा बेसी गाउँपालिकाकाविजुले लेकखर्क दुवेकोल ऐसेलुखर्क सडक, कुभिण्डे जौबारी नुनथला सडक, लामीडाँडा चिउरीबास सडकहरुलाई तथा कुभिण्डे होंचुर सडक जालपा तथा पोखरी सडक,देउराली आहाले सडक, खार्पा माहुरे सडकहरुलाईकालोपत्रेको लागि सम्बन्धित निकायमाविशेष पहल गरिनेछ।८ मिटर चौडा भएको र पक्कि नाली निर्माण भै सकेका स्थानमा गाउँपलिकाबाट ग्राभेलको काम अगाडी बढाइने छ ।

२.गाउँपालिका क्षेत्रभित्र निर्माण भएका कच्चि सडकहरुलाई संरक्षण गर्ने नीति अबलम्बन गरिने छ ।

३.सडकको मापदण्ड र क्षेत्राधिकारलाई प्रभावकारी कार्यान्वयन गरी सडक अतिक्रमण हुन नदिन नीति निर्माण गरी लागू गरिने छ ।

४.२० लाख भन्दा माथिका योजनाहरु टेण्डर प्रक्रियाबाट सञ्चालन गर्ने र २० लाख मुनिका योजनाहरु मात्र उपाभोक्ता समितिबाट सम्पन्न गर्ने नीति लिईनेछ र रु.६० लाख भन्दा माथिका आयोजनाहरुको निर्माण कार्य गर्दा अनिवार्य विद्युतिय वोलपत्र(eGP) प्रक्रिया मार्फत खरिद गर्ने व्यवस्था मिलाईने छ । यदि उपभोक्ता समिति गठनमा विवाद भएमा २० लाख भन्दा तलका योजनाहरु पनि टेण्डर पक्रियाबाट निर्माण गरिने छ ।

५. गाउँपालिकाबाट सञ्चालित सबै योजना सञ्चालन गर्दा शुन्य पेश्कीमा सञ्चालन गर्ने हालको व्यवस्थालाई निरन्तररुपमा अबलम्बन गर्दै लगिने छ ।

६.तीन लाख भन्दा माथिका लागत भएका आयोजनाहरुको संचालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण (होडिंग बोर्ड) अनिवार्य राख्नुपर्ने हालको व्यवस्थालाई निरन्तरता दिइने छ ।

७. विकास व्यवस्थापनका कामलाई विपद न्यूनिकरण एवम वातावरण मैत्री ढंगबाट अवलंवन गर्ने नीति अंगिकार गरीनेछ र सडक स्तरोन्ती तथा कालो पत्रे गर्दा अन्य संरचनाहरु क्षेती नहुने गरी गर्न विशेष पहल गरिनेछ ।

८.गाउँपालिका भित्र निर्माण हुने संरचनाहरु अपाङ्ग मैत्री, बालमैत्री, लैंगीक मैत्री, वातावरणमैत्री साथै जेष्ठ नागरिकमैत्री हुनेगरी निर्माण गर्ने कार्यमा जोड दिइनेछ ।

ख)भवन तथा ग्रामिण विकासः

१.गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ बमोजिम नक्सा पास स्वीकृत गरेर मात्र निर्माण गर्ने नीतिलाई यसै वर्षदेखि कडाइकासाथ लागू गरिने छ ।

२. अव्यबस्थित रुपमा सार्वजनिक स्थलहरुमा गरिने बसोबासलाई निरुत्साहित गर्दै जोखिमयूक्त बसोबास पहिचान गरी एकीकृत बस्ति विकास योजना निर्माण तथा कायान्वयन गर्ने अबधारणा ल्याइने छ ।

३. सामुहिक कार्यक्रमको लागि समुदायको पायक पर्ने स्थानमा सामुदायीक भवनहरु क्रमशः निर्माण गर्दै लगिने छ ।

४. सार्वजनिक जग्गाको लागत संकलन गरिने छ ।कोही कसैले सार्वजनिक जग्गा थिचो मिचो गर्ने व्यक्तिहरु पहिचान गरी कानुनी दायरामा ल्याइने छ ।

ग)वैकल्पिक उर्जा तथा विद्युत र सञ्चारः

१ विगतमा विस्तार भएका विद्युतको क्षमता बृद्धि तथा मर्मतका लागि आबश्यक पहल गरिने छ ।आबश्यक ठाउँ पहिचान गरी विद्युत पोल र ट्रान्सफरमर थप गर्दै लगिने छ ।

२. बैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको ब्यवस्थापन गर्दै लगिनेछ साथै आबश्यकता अनुसार सौर्य सडक वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

३.सूचना प्रविधिमैत्री गाउँपालिका निर्माण गर्न इन्टरनेटको सुविधा नपुगेका क्षेत्रमा नीजि क्षेत्रसँगको साझेदारीमा इन्टरनेट सुविधा विस्तार योजना सञ्चालन तथा मोवाइल एपका माध्यमबाट सर्वसाधारणलाई सूचना प्रवाह गर्ने व्यवस्था मिलाउन पहल गरिने छ ।

वातावरण तथा विपद ब्ययवस्थापन नीतिः

१.वन जंगल, वन्यजन्तु, ढुंगा, बालुवा, नदी, खोला, खानी, जडिबुटी आदी प्राकृतिक श्रोतहरुको पहिचान गरी सोको उचित ब्यवस्थापन गर्दै प्रकृतिजन्य सम्पदाहरुलाई दीगो विकासको सिद्धान्त अनुकुल बनाईने नीति अवलम्बन गरिनेछ ।

२. गाउँपालिकाका ग्रामिण बस्तिहरुमा जहाँ खाना बनाउन दाउराको अधिक प्रयोग गरीन्छ ति घरहरुमा धुवा रहित चुलो बनाउन अनुदानका कार्यक्रम ल्याइ जनस्वास्थ्य वातावरणमा हुने प्रतिकुल असर घटाउने छ ।साथै भुकम्पबाट क्षेती भै निर्मण सम्पन्न भएका घरहरुमा धुवा रहित चुलो निर्माण गर्न अनिवार्य गरिने छ ।

३. गाउँपालिका स्तरिय प्रकोप व्यवस्थापन समिति र वडास्तरिय प्रकोप व्यवस्थापन समितिलाई आबश्यकतानुसार सक्रिय बनाइने छ ।गाउँपालिका र प्रत्येक वडाहरुमा प्रकोप पूर्वतयारी र योजना निर्माण गरी सोही अनुसार प्रकोप व्यस्थापनका सम्पूर्ण कार्यहरु कार्यान्वयन गरिने छ ।

४.प्रकोप व्यवस्थापनको लागि आबश्यक पर्ने सामाग्रीहरु मौज्दात राखीने छ जहाँ उद्धार गर्न युवा जनशक्तिलाई विपद पूर्वतयारी र उद्धार सम्बन्धि तालिमको व्यवस्था मिलाईनेछ ।

५. बस्तिस्तरको सडकलाई दमकल पुग्न सक्ने निम्नतम १३ फिटको बनाइने छ ।

६. गाउँपालिकामा प्रकोप व्यवस्थापन कोषको स्थापना गरी यस कोषमा विभिन्न संघ, संस्था, गाउँपालिकाबासी कर्मचारी, निजी क्षेत्र अन्य दातृ निकाय गैर आवासिय व्यक्तित्वहरु सबैमा सहयोगको लागि आव्हान गरिने छ । यस कोषबाट आबश्यकता अनुसार प्रकोपसँग सम्बन्धित विषयमा खर्च गरिनेछ ।

सुशासन र संस्थागत विकास नीतिः

१.गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री वनाई जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनिधि तथा कर्मचारी सवैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

२. यस गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यालयहरुमा विद्युतीय हाजिरीलाई अनिवार्य गरी गाउँ कार्यपालिकाको कार्यालयमा जडान भएको केन्द्रीकृत उपस्थिती निरीक्षण प्रणालीलाई प्रभावकारी बनाइने छ ।

३. सबै भन्दा बढि कर संकलन गर्ने र तोकिएको समय सिमा भित्र आयोजना तथा कार्यक्रम सम्झौता र सम्पन्न गर्ने वडालाई थप रु ५ लाख सम्म विकास खर्च प्रोत्साहन योजना प्रदान गर्ने नीति लिइने छ ।निर्धारीत समयमै काम सम्पन्न गर्ने निर्माण व्वसायीहरुलाई पुरस्कारको व्यबस्था गरिने छ ।

४. गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परिक्षण, आदि मार्फत सुशासनमा जोड दिइनेछ ।

५. प्रशासनिक खर्चमा मितव्ययिता अपनाईनेछ ।

६. कार्यालयको कामलाई छिटो छरितो सेवाग्राही मैत्री एवम जनमूखी बनाई सुशासन र सेवा प्रवाहमा जोड दिने र गाउँपालिकाको प्रत्येक गतिविधिलाई पारदर्शी, उत्तरदायी, जनमुखी बनाउने नीतिलाई निरन्तरता दिईने छ ।

७. गाउँपालिकाका सबै प्रकारका सूचना र कानुनहरु वेभसाइडमा राख्ने साथै पुस्तक प्रकाशन, रेडियो र पत्रिका मार्फत सार्वजिनक गर्ने व्यवस्थालाई निरन्तरता दिइनुका साथै सूचना केन्द्रको स्थापना र विकास गर्ने नीति अवलम्बन गरीने छ ।

८. कार्यालयको जिन्सि, लेखा, योजना, दर्ता चलानी आदिका कामहरुलाई सफ्टवेर मार्फतप्रभावकारी बनाइने छ।

९.यस गाउँपालिकाका वडा नं. २ र ३ को सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणाली मार्फत गरिएको र अन्य वडाहरुलाई आगामी आ.व.मा अनिवार्यरुपमा बैंकिंक प्रणालीमा जोडिने छ ।

१०. गाउँपालिका क्षेत्र भित्र जनस्वास्थ्यलाई प्रतिकूल असरपर्ने वस्तु विक्रि वितरणलाई रोक लगाउने नीति अबलम्बन गरीनेछ ।

११.सार्वजनिक जग्गाहरुको विवरण तथा लगत अध्यावधिक गरी सोको संरक्षणमा सरोकारवालाहरुसँग सहकार्य गर्ने नीति अवलम्बन गरीने छ । सार्वजनिक सम्पत्तीको संरक्षण गरिने छ ।

१२. गाउँपालिका क्षेत्रभित्रका होटल पसलमा जथाभावी चुरोट र मदिरा खान रोक लगाइने छ । घरेलु मदिरा व्यापारमा रोक लगाइने र विक्री वितरण गरेमा दण्डनिय बनाइने छ साथै विना इजाजत मदिरा व्यपारमा रोक लगाइने छ ।

१३. सुरक्षा निकायहरुसँग समन्वय राखी गाउँपालिका क्षेत्रभित्र शान्ती सुरक्षा कायम राखिने छ, आबश्यक कानुन निर्माण र अन्य प्रक्रिया पुरा गरी गाउँपालिका क्षेत्र भित्र शान्ती सुरक्षामा सहयोग गर्न र अन्य तोकिए बमोजिका कार्य गर्ने गर्ने गरी गाउँ प्रहरीको नियुक्ति गरिने छ ।

१५. समय सापेक्ष रुपमा बढदो नविनतम प्रविधि र कार्यविधि, प्रकृया सम्बन्धमा कर्मचारीलाई अद्यावधिक गराउदै लैजाने र कर्मचारीलाई क्षमता विकास गर्न तालिमहरु संचालन गर्ने साथै कार्यसम्पादन सम्झौतालाई प्रभावकारी बनाईने छ ।

१६. कर्मचारी प्रशासनलाई जनताप्रति जबाफदेही र उत्तरदायी तुल्याउन दण्ड र पुरस्कारको नीति अवलम्बन गरीने छ ।

१७. कर्मचारीहरुलाई कार्यालय समय भन्दा थप काम गर्नु परेको कामको बोझको आधारमा २० प्रतिशत सम्म प्रोत्साहन भत्ता उपवब्ध गराईने छ ।

१८. न्यायिक समितिबाट भएका निर्णय र कार्यसम्पादनका अभिलेखहरुलाई व्यवस्थित बनाउन बिद्युतिय प्रणालीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाईने छ ।

१९. वडा स्तरमा रहेका मेलमिलाप समिति हरुको सकृयता र क्षमता विकासका लागि आवस्यक बजेट ब्यावस्था गरिने छ

२०. गाउँपालिकालाई आबश्यक पर्ने संविधान प्रदत्त अधिकार क्षेत्रभित्रका ऐन, नियम, विनियम, कार्यविधि तथा निर्देशिका समयसापेक्ष जारी गर्दै लगिनेछ ।

२१. न्यायिक कार्यलाई छिटो, छरितो बनाइने छ । न्याय सम्पादामा सहजता ल्याउनको लागि परमार्श सेवा मार्फत कानुनी सल्लाहकार नियुक्त गरिने छ ।

राजश्व प्रशासननीतिः

१. गाउँपालिकाको आर्थिक मेरुदण्डको रुपमा आन्तरिक राजश्व प्रणालिलाई फराकिलो बनाउदै लगिने छ । यसका लागि कर प्रशासनलाई चुस्त दुरुस्त र करदाता मैत्री बनाउका लागि गाउँपलिका स्थित विगत लामो समयदेखि व्यवसाय दर्ता एवं नवीकरण नगराई संचालन गरिरहेका सबै उद्योगी/ व्यबसायीहरुलाई करको दायरामा ल्याइ अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी राजश्वको दायरा फराकिलो पार्ने, नयाँ करका क्षेत्रको खोजिका लागि राजश्व परमार्श समिति र उपसमितिलाई कृयाशिल बनाइने छ ।

२. हाल कायम करका दरहरुलाई वस्तुनिष्ठ एवं वैज्ञानिक बनाउदै लगिने छ ।

३. गाउँपालिकाले सवैभन्दा बढी कर तीर्ने १ जना करदातालाई बार्षिक रुपमा सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

४. गाउँपालिकालाई तिर्न, बुझाउनु पर्ने कुनै पनि प्रकारका राजश्व बक्यौता भएको वा बेरुजु भएका व्यक्ति, संघसंस्था, फर्म, कम्पनीलाई बक्यौता नवुझाएसम्म वा फर्छ्यौट नगरेसम्म निज गाउँपालिकाले कुनै प्रकारको सेवा उपलब्ध नगराउने नीति कडाईका साथ अवलम्बन गरीनेछ ।

५. लेखा परीक्षणबाट देखिएका सैद्धान्तिक बेरुजुलाइ फर्छ्यौट गरी कानूनी रुपमा सुधारमुलक बनाईनेछ ।

६.कोभिड-१९ को कारण कर तथा गैरकर राजस्वमा पर्न सक्ने असरलाई आँकलन गरी आन्तरिक आय अनुमानलाई सकेसम्म यथार्थपरक बनाउने ।

७. राजश्व सुधार योजना अनुरुप दिगो श्रोत ब्यवस्थापन गर्न नयाश्रोतको पहिचान गरी राजश्वको दायार बढइने छ ।

८. राजश्व संकलनमा सुधार गर्न घुम्ती शिविर, करदाताहरुको अभिलेख व्यवस्थापन, मार्फत सूचना संप्रेषण, राजश्व हेल्पडेक्सको व्यवस्थापन जस्ता कार्यलाई प्राथमिकता दिइने छ ।

अन्त्यमा,

हाम्रो मूल्यांकनको आधार हामीले अवलम्बन गरेको राजनीतिक चिन्तन, राजनीतिक दृष्टिकोण, आबश्यकीय कानुन निर्माण र कार्यान्वयन,समावेशीकरणका लागि भएका प्रयास, समन्वय सहकार्य र सहअस्तित्वको पाटो हो। अर्कातर्फ प्रशासकीय र व्यवस्थापकीय क्षमता, नागरिकले प्राप्त गर्ने सार्वजनिक सेवाको पहुँच र समतामूलक स्रोतको उपयोग हो।यी सबै कुराहरुलाई मध्यनजर गरी हाम्रो पनि मुल्यांकन होस भन्ने हामी चाहान्छौं। यस गाउँपालिकाको विकास,सम्वृद्धि,उन्नति र प्रगतिका लागि आजसम्म मलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमासमन्वय,सहअस्तित्व र सहकार्य गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, राजनीतिक दल, संघसंस्थाहरु प्रतिष्ठित व्यक्तित्वहरु र कर्मचारीहरु प्रति म हार्दिक कृतज्ञतासहित आभार व्यक्त गर्न चाहान्छु ।

धन्यवाद !

लोकतन्त्रलाई परिणाममुखि बनाउन र त्यसमा जनताको अर्थपुर्ण सहभागिता अभिबृद्धि गराई आफ्ना लागी आफै योजना बनाउने र कार्यान्वयन गर्ने प्रकृयामा समेत जोडिने अबसर सुनिश्चित गराउन स्थानीय सरकारले महत्वपुर्ण भुमिका खेलेका छन्। समन्वय,सहअस्तित्व र सहकार्यको स्पष्ट सम्बन्धविश्व बजारमा आएको बदलिदो परिवेश,बदलिदो परिबेश अनुसार जनताका इच्छा चाहाना र आबश्यकता बड्दै जानु तर जनताका बड्दा आकांक्षा अनुसार । नेपालको सार्वजनिक शासकीय व्यवस्थामा आमूल परिवर्तन देखा परेको छ।नेपालको संविधानले मुलुकमा तीन तह अर्थात् संघीय तह, प्रादेशिक तह र स्थानीय तहका सरकारहरुको परिकल्पना गरेको छ । यिनीहरुबीच समन्वय,सहअस्तित्व र सहकार्यको स्पष्ट

सम्बन्ध हुने व्यवस्था गर्नुको साथै यिनीहरुको एकल र साझा अधिकारलाई समेत संविधानको अनुसूचीहरुमा लिपिबद्ध गरिएको छ।

स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाई सहभागिमूलक प्रक्रियाबाट नतिजामूलक ढंगले योजना तर्जुमा गरी उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक सामाजिक रुपले पिछडीएका सीमान्तकृत वर्ग, दलित, आदिबासी, जनजाती, महिला, बालबालिका, फरक क्षमता भएका वर्ग, जेष्ठ नागरिक लगायत समग्र नागरिकहरुको सहभागिता अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्दै लैजाने र जवाफदेहिता बहन गर्न सक्ने अवधारणाको विकास गरी आफ्ना गतिविधिहरु सञ्चालन हुँदै आएका र अव झन प्रभावकारी रुपमा हुने कुरा म यहाँ राख्न चाहान्छु । रावा बेसी गाउँपालिका सामाजिक न्याय र समानताको दृढ पक्षपोषण गर्दै सबै प्रकारका भेदभाव र अन्यायको अन्त्य गरी "सबैको लागि सम्वृद्धि"भन्ने नाराका साथ अगाडी बड्न चाहान्छु ।

रावा बेसी गाउँपलिकामा विद्यमान धार्मिक, जातीय, भाषिक तथा जैविक विविधता विकासका निम्ती विविध दृष्टिकोणवाट हेर्ने हो भने अनुकुल रहेको कुरा स्वतःसिद्ध छ । गाउँपालिका भित्र धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु दृष्ट्रिकोणबाट हेर्दा पनि महत्वपूर्ण गुफा, मन्दिरहरु र ऐतिहासिक सम्पदाहरु रहेका छन । भिमेश्वरी,कालिका मन्दिर,भस्मे महादेब गुफा,गुप्तेश्वर बहादेब,कोटगडी स्थल,जुडिमहादेब,जोगिडाँडा मंगला देवि मन्दिर,साकेला थान,किरातेश्वर मामखिम मन्दिर ओम कारेश्वर पर्वत, गुम्बा जस्ता धार्मिक स्थलहरु प्रसस्त मात्रामा रहेका छन । यस्ता धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वका सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

समृद्ध गाउँ बनाउने इच्छा चाहाना स्रोत, साधन बजेटको न्यूनता र विश्वप्यापी महामारी कोरोना भाइरसका कारण देश लामो समय लकडाउन हुँदा उत्पन्न भएको परिस्थितीले रावा बेसी गाउँपालिकालाई परेको प्रभाव समेतलाई तादाम्यता मिलाउँदै स्थानीय समुदायको समेत सक्रिय सहभागिता तथा लगानीमा यस गाउँको विकास तथा सामाजिक रुपान्तरणका

आधारस्तम्भहरु खडा गरी योजनाबद्ध ढंगबाट प्राथमिकताका आधारमा विकास प्रक्रियालाई अगाडी बढाउने दुरदृष्टि सहित तपशिल अनुसारका नीति अबलम्बन गरिएको छ ।

सरकारको अधिकारको २२ वटा सूची किटान गरेको छ। संविधानको साझा सूचीमा

।